वैठकः-५८

आज मिति २०७६/०७/१८ गते साझ ५ वजे सरावल गाउँकार्यपालिकाको वैठक कार्यपालिका अध्यक्ष श्री राधेश्याम चौधरी ज्युको अध्यक्षतामा एवं तपशिल वमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| सि.नं. | नाम थर | पदफ | हस्ताक्षर |
|---|---|---|---|
| १. | राधेश्याम चौधरी | अध्यक्ष | |
| २. | श्री उत्तमा कुमारी राय | उपाध्यक्ष | |
| ३. | भेषनारायण चौधरी | सदस्य | |
| ४. | शम्भु प्रसाद चौधरी | सदस्य | |
| ५. | अणेन्द्रनाथ राय | सदस्य | |
| ६. | छोटेलाल यादव | सदस्य | |
| ७. | दिनेश सहानी केवट | " | |
| ८. | कैलास यादव | " | |
| ९. | हयात खाँ धुनिया | " | |
| १०. | विजयसिंह गुप्ता | का.वा वडाध्यक्ष वडा नं. २ | |
| ११. | छिमादेबी चौधरी | " | |
| १२. | चन्दादेवी चौधरी | " | |
| १३. | जन्त्री केवटिन | " | |
| १४. | विन्दादेनी धोवी | " | |
| १५. | जोखु प्रसाद कहार | " | |
| १६. | श्री सुनिता हरिजन | " | |
| १७. | श्री वुध्दप्रकाश पौडेल | " | |
| १८. | नारायण पाण्डेय | आमन्त्रित | |
| १९. | राजन वस्याल | " | |
| २०. | तुलसीप्रसाद अधिकारी | " | |
| २१. | | | |

गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (व.सु.पू.)
लुम्बिनी प्रदेश, नेपाल

# प्रस्ताव एवं निर्णय

**प्रस्ताव नं. १ - शिक्षा समिति गठन सम्वन्धमा**

**निर्णय नं. १** - प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको लागी स्विकृत शिक्षा ऐनको-२०७४ को दफा १६ अनुसार गाउ शिक्षा समिति रहने व्यवस्था रहेको एवं सोही दफाको उपदफा १(ख) मा गाउकार्यापलिका सम्भव भइसम्म शिक्षा क्षेत्रको अनुभव प्राप्त महिला तथा दलित समेत २ जना सदस्यहरु रहने व्यवस्था रहेकोमा यस गाउपालिकावाट देहायको पदाधिकारीहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।

१.भेषनारायण चौधरी

२.सुनिता हरिजन

साथै सोही दफाको उपदफा १(च)मा समाजसेवी शिक्षाप्रेमी वा गाउँ कार्यपालिकाको शिक्षा क्षेत्रमा विशेषयोगदानपुर्याएका मध्येवाट गाउँकार्यपालिकावाट मनिनित कम्तिमा एकजना महिला सहित दुई जनावाट देहायको पदाधिकारीलाई मनोनयन गर्ने निर्णय गरियो ।

१.जोखु प्रसाद कहार कार्यपालिका सदस्य

२.सुशिला हरिजन समाजसेवी

**प्रस्ताव नं. २ - विद्यालय सञ्चालन सम्वन्धमा**

**निर्णय नं. २** - प्रस्ताव नं. २ उपर छलफल गर्दा कोरोना भाईरस (कोभिड-१९) को कारण यस सरावल गाउपालिका अन्तर्गतको समुदायिक विद्यालय सञ्चालन हुन नसकेको र सोको सञ्चालनको लागी नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा जारी विद्यार्थी शिक्षण सिकाई सहजिकरण निर्देशिका-२०७७ अनुसार विद्यालय सञ्चालन कार्ययोजना सहित पेश गर्न यस कार्यालयवाट विद्यालयलाई अनुरोध गरिएकोमा विद्यालय व्यवस्थापन समितिको निर्णय एवं शिक्षक-अभिभावक संघको निष्कर्षसहित विद्यालयवाट प्रस्ताव भएको कार्ययोजनाउपर पनः छलफल गरी कार्ययोजना तयार गरिएकोमा उक्त कार्ययोजना वैठकमा पेश गरियो । यसरी तयार भएको कार्ययोजना पेश भएअनुरुप स्विकृत गरी विद्यालय सञ्चालनको लागी अनुमती प्रदान गर्ने निर्णय गरियो ।

राधेश्याम चौधरी
अध्यक्ष

**प्रस्ताव नं. ३ - युवा रोजगारको लागी रुपान्तरण पहल योजना सम्वन्धमा**

**निर्णय नं. ३** - प्रस्ताव नं. ३ उपर छलफल गर्दा नेपाल सरकारद्वारा यस सरावल गाउपालिकाको लागी स्विकृत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारको लागी रुपान्तरण पहल योजनाको लागी कार्ययोजना वनाई सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ - वेरोजगार व्यक्तिहरुको सुची अनुमोदन गर्ने सम्वन्धमा**

**निर्णय नं. ४** - प्रस्ताव नं. ४ उपर छलफल गर्दा नेपाल सरकार सशर्त अनुदान तर्फवाट यस गाउपालिकाको लागि स्विकृत प्रदानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनको लागी यस गाउपालिका अन्तर्गत रहेका कार्यक्रममा सहभागी हुन ईच्छुक वेरोजगार व्यक्तीहरुको नामावलि माग गरिएकोमा म्यदभित्र पेश भएको वेरोजगार व्यक्तिहरुको नामावली वैठकमा प्रस्तुत भयो । प्रस्तुत भएको नामावली पेश भएअनुरुप स्विकृत गरी कार्यक्रममा सहभागी गराई रोजगारी प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ - नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन सम्वन्धमा**

**निर्णय नं. ५** - प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस सरावल गाउपालिका वडा नं. ४ को कार्यालयमा नागरिक आरोग्य केन्द्र स्थापना गर्ने र सोको लागी आवश्यक जनशक्तिमध्ये हाललाई १ जना वैद्य र एक जना सहयोगी कर्मचारीको दरवन्दी सिर्जना गरी पदपुर्ती गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ - निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधी-२०७४ को प्रथम संशोधन २०७७ पारित गर्ने सम्वन्धमा**

निर्णय नं. ६ - प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस सरावल गाउकार्यपालिकाद्वारा स्विकृत निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधीको दफा-२ को उपदफा(१) र दफा ३ संग सम्वन्धित अनुसुची-२ लाई देहायअनुरुप हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं. | विषय | समयसिमा | दस्तुर |
|---|---|---|---|
| १ | दर्ताको लागी | | स्थानिय भएमा रु ७५०००/- (अक्षरुपी रु पचहत्तर हजार मात्र)<br>अन्य गाउपालिकाको स्थायी वासी भएमा १५०,०००/-<br>(एक लाख पचास हजार मात्र) |

राधेश्याम चौधरी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| २ | नविकरण | असोज मसान्त सम्ममा | रु २५,००० (अक्षरुपी रु पच्चीस हजार मात्र) |
| | | कार्तिक १ देखी चैत्र मसान्तसम्म | रु ४० हजार(अक्षरुपी रु चालिस हजार मात्र) |
| | | वैशाख १ देखि | खारेज |

**प्रस्ताव नं. ७ - उत्तम पोषण कार्यविधी-२०७७ परित गर्ने**

**निर्णय नं. ७ -** प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको उत्तम पोषण कार्यविधी-२०७७ वैठकमा पेश गरियो । सोउपर छलफल गर्दा पेश भएको कार्यविधी सोही अनुरुप स्विकृत गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ मर्मत सम्भार कट्टी सम्वन्धमा**

**निर्णय नं. ८** - प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस सरावल गाउपालिकामा हुने मर्मत सम्भार कार्य गर्नका निमित्त एक मर्मत सम्भार कोष स्थापना गर्ने र उक्त कोषमा यस सरावल गाउपालिकाको गाउसभाद्वारा स्विकृत योजनाहरुको कार्यान्वयनको क्रममा ईस्टिमेटमै कुल रकमको १.५% ले हुन आउने रकम कट्टी गरी फर्छौटको क्रममा कोषमा जम्मा गर्ने निर्णय गरियो । साथै उक्त कोष सञ्चालन एवं परिचालन गर्नका निमित्त कार्यविधी वनाई नियमित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ - १५ वेडको अस्पताल स्थापना सम्वन्धमा**

**निर्णय नं. ८** - प्रस्ताव नं. ८ उपर छलफल गर्दा संघिय सरकारवाट यस गाउपालिकाको लागी १५ वेडको अस्पताल स्विकृत भई आएकोमा उक्त अस्पताल यस गाउपालिका वडा नं. ५ मा निर्माण गर्न यस गाउपालिकाको मिति २०७७/०६/२२ गते निर्णय भएको सन्दर्भमा वडा नं. ५ को तर्फवाट हालसम्म पनी विवादरहित तथा पायक पर्ने जग्गा प्राप्त गर्न नसकेकोले जग्गा उपलव्ध गराउन १ हप्ताको समय दिने निर्णय गरियो ।

राधेश्याम चौधरी
अध्यक्ष